नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# बोदेबर्साइन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बोदेबर्साइन,सप्तरी
२.नं. प्रदेश,नेपाल

पत्र संख्या :-२०७४/०७५
चलानी नं.

मिति:-२०७४/१२/२८

### बजार,पोखरी ठेक्का बन्दोवस्ती सम्बन्धमा ७ (सात) दिने सूचना
प्रथम पटक प्रकाशित मिति २०७४/१२/२८गते

यस नगरपालिका अधिनस्त रहेको बोदे बर्साइन न.पा.वडा नं.५ गुदरी हटिया र गोरु हटियाको हकमा  वैशाख १, २०७५देखि २०७५ चैत्र मसान्त र बोदे बर्साइन न.पा.वडा नं.८ मा भएको पोखरी को हकमा वैशाख १, २०७५ देखि २०७७ चैत्र मसान्तसम्मका लागि बजार बटी कर र पोखरी को ठेक्का कर उठाउने ठेक्का बन्दौबस्त गर्नुपर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रिक्त पुर्वकको शिलबन्दी वोलपत्रमा भाग लिनका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | विवरण | न्युनतम ठेक्का रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने मिति र समय | बोलपत्र खोल्ने मिति समय | बोलपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| २५ | हटिया गुदरी | १११११००/- | १००० | ७ औ दिन कार्यालय समय भित्र | ८ औ दिन १२ बजे सम्म | ८औ दिन २ बजे | बो.ब.न.पा. |
| २६ | गोरु | २२११००/- | १००० | ७ औ दिन कार्यालय समय भित्र | ८ औ दिन १२ बजे सम्म | ८ औ दिन २ बजे | बो.ब.न.पा. |
| २७ | कोषकी भने पोखरी | ५००००१/- | १००० | ७ औ दिन कार्यालय समय भित्र | ८ औ दिन १२ बजे सम्म | ८ औ दिन २ बजे | बो.ब.न.पा. |

१. बोलपत्र फारमवापत प्रत्येक ठेक्काको छुट्टा छुट्टै रु १०००।-को दरले यस न.पा.को राजस्व शाखामा नगदी बुझाई यस कार्यालयबाट ७ दिन भित्र बोलपत्र फारम खरीद गर्न सकिने छ।
२. प्रत्येक ठेक्काको छुट्टा छुट्टै बोलपत्रमा ठेक्का कबुल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको ने.रा.बैंक राजविराज स्थित धरौटी खाता न.२१८०३०४०१८१०४ कार्यालय कोड नं.१५-३६५-१६ मा नगद रकम जम्मा गरेको सक्कले बैंक भौचर साथ बोलपत्रदाताको आफनो नेपाली नागरिकताको प्रतिलिपी र फर्मको हकमा प्यान दर्ता प्रमाण पत्र इजाजत पत्र र कर चुक्ता समेतको प्रतिलिपी पेश गर्नु पर्ने छ।
३. बोलपत्र दाताले फारम भर्दा आफुले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि खामबन्दी गरी शिल लाह छाप लगाई खामको माथि आफनो नाम,ठेगाना र ठेक्का नं.लेखि बोलपत्र फारम दर्ता गराउनु पर्ने छ।
४. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

५. बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।
६. न्यूनतम ठेक्का रकम भन्दा सबभन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिनेछ ।
७.बोलपत्र स्वीकृत पश्चात ७ दिन भित्र सम्झौता गर्न आउँदा पहिलो किस्ताको रकम यस कार्यालयको माथि उल्लेखित खाता नं.मा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता को रकम वापतको २०७५ असार मसान्त सम्म म्याद भएको नेपाल सरकारकोा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी बैंक जमानत लिई सम्झौता गर्न आउनु पर्ने छ ।
८. दोस्रो किस्ता २०७५ मंसिर मसान्त भित्र र बाकी रहेको तेस्रो किस्ता २०७५ फाल्गुन मसान्त भित्र बुझाई सक्नुपर्ने छ (गुदरी हटिया र गौरु हटियाको हकमा)र पोखरीको हकमा दोस्रो किस्ता २०७५ चैत्र मसान्त र देस्रो किस्ता २०७६ चैत्र मसान्त सम्म ।
९. कबोल गरेको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा १०% छुट दिइने छ ।
१०.बजारमा बटी कर उठाउने कर्मचारी सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजस्व तथा कर स्वयंम ठेकेदारले व्यहोर्नु पर्ने छ ।
११. बन्दी हडताल भएमा ठेक्का रकम सकार भएको रकममा कुनै छुट मिन्हा दिने छैन ।
१२. ठेक्केदारले बजारको बटी कर नगर परिषदबाट निर्धारण भएको दर अनुसार उठाउनु पर्ने छ ।
१३. ठेक्केदारले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्ने छ ।
१४. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार न.पा.मा निहित रहने छ ।
१५. केरमेट भएको, सहि छाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरीने छैन् ।
१६. वोलपत्र दाता तथा न.पा. बिच कुनै किसिमको मत भिन्नता भएमा न.पा.को निर्णय अन्तिम मान्य हुने छ ।
१७. बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर स्पष्ट रुपमा भरी राम्ररी खामबन्दी गरी शिल लाहा छाप लगाई आफनो नाम र ठेगाना समेत लेखि ठेक्काहरुको शिलबन्दी बोलपत्र ८ औ दिनको १२ बजे सम्म यस न.पा.कार्यालयमा दर्ता गराईसक्नु पर्ने छ ।
१८. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारम ८ औ दिनको २ बजे सम्बन्धित प्रतिनिधिहरुको रोबहरमा खोलिने छ ,उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।
१९. ठेक्का अबधि गुदरी हटिया र गौरु हटियाको हकमा मिति २०७५ साल वैशाख १ गते देखि २०७५ चैत्र मसान्त सम्म १ (एक) वर्ष लागि मात्र र पोखरीको हकमा मिति २०७५ साल वैशाख १ गते देखि २०७७ चैत्र मसान्त सम्म ३ (तिन) वर्ष लागि मात्र कायम रहनेछ ।